तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालीकाको कार्यालय
तुलसीपुर, दाङ्ग
लुम्विनी प्रदेश,नेपाल

मिति:२०७७/०८/१५

**कृषि विकास कार्यक्रम संचालनका लागि आवेदन पेश गर्नका लागि सूचना प्रकाशन**

(प्रथम पटक प्रकाशित)

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, तुलसीपुर, दाङको आ.व २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कृषि कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले इच्छुक कृषि समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी/कृषि उद्यमीहरुले सूचना प्रकाशन भएको मितिले २०७७/०८/३० गते भित्र तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, तुलसीपुर, दाङ अर्न्तगत कृषि विकास शाखामा तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित आवेदन पेश गर्न सूचना प्रकाशित गरिएको छ । रित नपुगेको वा म्याद नागी प्राप्त हुन आउने आवेदनहरु छनोटका लागि समावेश गर्न नसकिने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल:

| सि.नं | कार्यक्रमको नाम | न्यूनत्तम मापदण्ड | संचालन गर्न सकिने मुख्य कियाकलापहरु | अनुदानको सिमा /अनुदान प्रसित | संलग्न आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|
| १ | पुष्प विकास कार्यक्रम | पुष्प, नर्सरी खेतीका लागि कम्तीमा जग्गा भाडामा ५ वर्षको करार सम्झौता पत्र वा लालपूर्जाको फोटोकपी कम्तीमा ५कठ्ठा क्षेत्रफलमा व्यवसाय संचालन गर्नुपर्ने । | वीउ, बेर्ना,विरुवा उत्पादन, मलखाद, सिंचाई,सेड हाउस,कृषि औंजार,प्लाष्टिक घर अन्य कृषि जन्य उत्पादन सामाग्रीको । | ५० प्रतिसत वा ५० हजार नबढ्ने गरी । | अनुसूचि १ र अनुसूचि ३ अनुसार फर्मेट तथा लागत ईष्टिमेट भरी माग अनुसारका आवश्यक कागजातहरु सहित पेश गर्ने । |
| २ | प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रम | कम्तीमा ५ हेक्टर क्षेत्रफलमा उत्पादन गुर्नुपर्ने । जग्गा भाडामा भएमा ५ वर्षको करार सम्झौता पत्र वा लालपूर्जाको फोटोकपी । | जैविक तथा वानस्पतिक मल,विषादी, वीउ, वेर्ना उत्पादन, कम्पोष्ट मल, भर्मि कम्पोष्ट,प्रांगारिक वस्तुको बजारिकरण तथा प्रमाणिकरण | ५० प्रतिसत वा ३ लाख नबढ्ने गरी । | अनुसूचि १ र अनुसूचि ३ अनुसार फर्मेट तथा लागत ईष्टिमेट भरी माग अनुसारका आवश्यक कागजातहरु सहित पेश गर्ने । |
| ३ | स्थानीय तथा रैथाने वाली संरक्षण कार्यक्रम | बजार योग्य परिमाण, वीउ उत्पादन तथा संरक्षण कम्तीमा १ हेक्टर क्षेत्रफलमा उत्पादन हुनपर्ने । | वीउ उत्पादन, बजारिकरण सामाग्री, डिजिटल तराजु, वोरा खरिद तथा प्याकेजिङ खर्च वा प्रसोधन | ५० प्रतिसत वा १ लाख नबढ्ने गरी । | अनुसूचि १ र अनुसूचि ३ अनुसार फर्मेट तथा लागत ईष्टिमेट भरी माग अनुसारका आवश्यक कागजातहरु सहित पेश गर्ने । |

नि. [illegible] प्रशासकीय अधिकृत

# तुलसीपुर उपमहानगरपालिका
## नगरकार्यपालीकाको कार्यालय
## तुलसीपुर, दाङ्ग
## लुम्बिनी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | घरबगैचा व्यवस्थापन कार्यकम | दर्ता भएका कृषक समुह हुनुपर्ने, ५० प्रतिसत महिला सहभागिता, आदिवासी , जनजाती, दलित, विपन्न वर्ग सहभागी भएको कृषक समुहले मात्र आवेदन दिनुपर्ने । | तरकारी बीउ, प्याकेट सहयोग, च्याउ, फलफूल वोट विरुवा वितरण, तालिम तथा अन्य उत्पादन सामाग्री वितरण । | प्रति समुहका लागि प्याकेजमा कार्यक्रम संचालन गरिनेछ ।निशुल्क सामाग्री खरिद गरी वितरण गरिनेछ । | कृषक समुहको आवेदन, समुहको बैठक बसेको माग सहितको निर्णय, समुह दर्ताको प्रमाण पत्र फोटोकपी, वडा कार्यालयको सिफारिस । |
| ५ | कौसी खेती विकास कार्यकम | तुलसीपुर वडा नं ५,६का वडा वासीले मात्र आवेदन दिन सक्नेछन् । | वीउविजन, मलखाद, सिंचाई तथा उत्पादन सामाग्री वितरण तथा तालिम | निशुल्क वितरण | आवेदन, वडा कार्यालयको सिफारिस, नागरिकताको फोटोकपी, घर नक्सा पासको कागजात पेश गर्नुपर्ने छ । |
| ६ | बेमौसमी तरकारी खेती तथा नविनतम कृषि प्रविधि विकास कार्यकम | कृषक समुह, कृषक, कृषि उद्यमी, कृषि फर्म वा कृषि सहकारीले मात्र आवेदन दिन सक्नेछन्। | प्लाष्टिक टनेल ९० जि.एस.एम , ५×१२ मि. सिलपोलिन सेतो प्लाष्टिक खरिद गरी उपलब्ध हुने । | ५०प्रतिसत अनुदानमा खरिद गरी उपलब्ध हुने । कृषक समुह, कृषी फर्म वा कृषि सहकारीले ५ वटा सम्म माग गर्न सक्नेछन्। १ कृषकले वढीमा २ वटा सम्म माग गर्न सक्नेछन् । | आवेदन, वडा कार्यालयको सिफारिस, नागरिकताको फोटोकपी ,फर्म दर्ता प्रमाण पत्र, समुह दर्ता प्रमाण पत्र, कृषि सहकारी दर्ता प्रमाण पत्र फोटोकपी तथा समुह/सहकारीको निर्णय । |
| ७ | कृषि आधुनिकिकरणका लागि मेशिनरी उपकरण सहयोग कार्यकम | कृषक समुह, कृषि फर्म वा कृषि सहकारीले कम्तीमा ४ विघा क्षेत्रफलमा जोत्नका लागि जग्गाको क्षेत्रफल खुल्ने कागजात सहित आवेदन दिन सक्नेछन्। | पावरट्रेलर २० एच.पी.को खरिद तथा वितरण | ५० प्रति अनुदानमा उपलब्ध हुने । | आवेदन,वडा कार्यालयको सिफारिस,फर्म दर्ता प्रमाण पत्र, समुह दर्ता प्रमाण पत्र, कृषि सहकारी दर्ता प्रमाण पत्रको फोटोकपी तथा कृषक समुह/कृषि सहकारीको निर्णय । |
| ८ | साना सिंचाई तथा मर्मत सम्भार कार्यकम | कृषक समुह, कृषि फर्म वा कृषि सहकारीले कम्तीमा २ हेक्टर क्षेत्रफलमा सिंचाई विस्तार हुने गरी आवेदन दिन सक्नेछन् । | सोलार मोटर, लिफ्ट सिंचाई, पम्पसेट , मोटर, पाइप, नहर कुलो मर्मत, वर्षातको पानी संकलन सिंचाई प्रणाली विस्तार वा स्यालो | लागत खर्चमा ८५ पतिसत वा प्रति योजना १ लाख नबढ्ने गरी अनुदानको व्यवस्था हुनेछ । १५ प्रतिसत लागत | आवेदन,वडा कार्यालयको सिफारिस,फर्म दर्ता प्रमाण पत्र, समुह दर्ता प्रमाण पत्र, कृषि सहकारी दर्ता प्रमाण पत्रको फोटोकपी तथा कृषक समुह/कृषि सहकारीको निर्णय , लागत खर्च अनुमानको इष्टिमेट । |

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालीकाको कार्यालय
तुलसीपुर, दाङ्ग
लुम्विनी प्रदेश,नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ट्युबेल आदि । | सहभागिता अनिवार्य हुनुपर्नेछ । | |
| ९ | कृषि वाली भण्डारण प्रविधि तथा व्यवस्थापन कार्यक्रम | कृषक समुह, कृषक, कृषि उद्यमी, कृषि फर्म वा कृषि सहकारीले उन्नत वीउ खाद्यन्न भण्डारणमा प्रयोग गर्न मात्र आवेदकले आवेदन दिन सक्नेछन्। | सिडविन १०० के.जी क्षताको ,सुपरग्रेन व्याग, त्रिपाल आदि खरिद गरी उपलब्ध हुने । | ५० प्रतिसत अनुदानमा उपलब्ध हुने । | आवेदन,वडाकार्यालयको सिफारिस, नागरिकताको फोटोकपी ,फर्म दर्ता प्रमाण पत्र, समुह दर्ता प्रमाण पत्र, कृषि सहकारी दर्ता प्रमाण पत्र फोटोकपी तथा समुह/सहकारीको निर्णय । |
| १० | बाझो जग्गा व्यवस्थापन तथा करार खेती साझेदारी सहयोग कार्यक्रम | जग्गा भाडामा लिई व्यवसायिक खेती गर्दै कम्तीमा १ विघा क्षेत्रफलमा खेती गनुर्पेछ । कम्तीमा ५ वर्षको जग्गा करार सम्झौता पेश गर्नुपर्ने छ । | जग्गा भाडा,उत्पादन, सिंचाई खरिद तथा सिंचाईमा लाग्ने विद्युत शुल्क । | ५० प्रतिसत वा ५० हजार नवढ्ने गरी । | अनुसूचि १ र अनुसूचि ३ अनुसार फर्मेट तथा लागत ईष्टिमेट भरी माग अनुसारका आवश्यक कागजातहरु सहित पेश गर्ने । |

**नोट :थप जानकारीका लागि कृषि विकास शाखा गुल्मचोक, तुलसीपुर दाङमा वा कार्यालयको फोन नं ०८२-५२००१६ मा सम्पर्क गर्नुहोला ।**

**नि. प्रमुख प्रशासकीय अधिकृत**